# एनएलजी इन्स्योरेन्स कम्पनी लि.

## एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको एघारौ वार्षिक साधारण सभाको कामकारवाहीको अभिलेख (माईन्यूट) सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ७५ (३) को व्यवस्था बमोजिम शेयरधनीहरुको जानकारीका लागी प्रकाशित गरिएको विवरण :

**बैधानीक सभा :**

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको नियमावलीको नियम १० र कम्पनी ऐन, २०६३ को दफा ७६ (१) बमोजिम एघारौं वार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिका अध्यक्ष श्री बिमल प्रसाद वाग्लेज्यूको सभापतित्वमा देहाय अनुसार सम्पन्न भयो।

**एघारौं साधारण सभा बसेको मिति, समय र स्थान :**

मिति : २०७३ पौष २९ गते शुक्रबार (तदानुसार १३ जनवरी २०१७)
समय : विहान ११:०० बजे
स्थान : अडिटोरियम हल, नेपाल टुरिज्म बोर्ड, प्रदर्शनी मार्ग, भृकुटि मण्डप, काठमाण्डौ

**सभाको सूचना प्रकाशन :**

यस कम्पनीको मिति २०७३ पौष ७ गते बसेको संचालक समितिको २००औं बैठकको निर्णय अनुसार कम्पनीको एघारौं वार्षिक साधारण सभा मिति २०७३ पौष २९ गते शुक्रबारका दिन बिहान ११:०० बजे अडिटोरियम हल, नेपाल टुरिज्म बोर्ड, प्रदर्शनी मार्ग, भृकुटि मण्डप, काठमाण्डौमा बस्ने भनी कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने मिति, स्थान र छलफलको विषयसूचि समेत उल्लेख गरी मिति २०७३ पौष ८ गतेको नेपाल समाचारपत्र दैनिकमा एघारौं वार्षिक साधारण सभा बस्ने सूचना, २०७३ पौष ९ गतेको नेपाल समाचारपत्र दैनिकमा आर्थीक विवरण सहितको कम्पनी ऐन २०६३ को दफा ८४ (१) बमोजिमसूचना तथा २०७३ पौष २० गतेको नेपाल समाचारपत्र दैनिकमा सूचना प्रकाशित गरिएको थियो । एघारौं वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन, प्रबन्धपत्र तथा नियमावली कम्पनी ऐन २०६३ अनुसार संशोधनका लागी तयार गरिएको तिन महले विवरण कम्पनीको वेवसाइट www.nlg.com.np मा समेत राखिएको थियो ।

**सभाको बैधानिकता :**

साधारण सभा सुरु हुन अगाडी उपस्थित शेयरधनी तथा अन्य महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत अभिवादन गर्दै यो सभा कम्पनी ऐन, २०६३ को दफा ७६ (१) र कम्पनीको नियमावली बमोजिम बोलाईएको व्यहोरा सभालाई जानकारी दिइयो ।

कम्पनीको कुल शेयर कित्ता ४०,९८,६००/- मध्ये प्रतिनिधि मार्फत उपस्थित समेत २३,७८,७९७/- कित्ताले कुल शेयरका ५८.०४ प्रतिशत प्रतिनिधित्व हुने गरी २०२ जना शेयरधनीहरुको उपस्थितीबाट कम्पनी ऐन, २०६३ को दफा ७३(२) तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार साधारण सभा गर्नका लागी आवश्यक गणपुरक संख्या पुगेको र प्रचलीत कानुनको पालना भएको हुँदा कानुनतः सभा बैधानीक भएको व्यहोरा अवगत गराइयो ।

कम्पनी ऐन, २०६३ एवं कम्पनीको नियमावलीमा संचालक समितिको अध्यक्ष साधारण सभाको सभापति हुने प्रावधान भए अनुसार संचालक समितिको अध्यक्ष श्री बिमल प्रसाद वाग्लेज्यूलाई यस एघारौं वार्षिक साधारण सभाको सभापतिको आसन ग्रहण गर्न विधिवत अनुरोध गरे पश्चात अध्यक्षले सभापतिको आसन ग्रहण गरी उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नु भयो । तत् पश्चात कम्पनीको संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा कम्पनीको उच्च व्यवस्थापकहरु तथा लेखापरीक्षकलाई डायसमा आमन्त्रण गरी स्थान ग्रहण गर्न अनुरोध गरीयो । त्यसपछि सभाका सभापतिले संचालक समितिको तर्फबाट कम्पनीको एघारौं वार्षिक प्रतिवेदन (आ.व. २०७२/०७३) प्रस्तुत गर्नु भई आ.व. २०७२/०७३ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचिहरु उपर समेत कुनै प्रश्न, जिज्ञाशा, मन्तब्य एवं सुझाव भए प्रकट गर्नका लागी शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो । कम्पनीको आर्थीक विवरणहरु तयार गरी नियामक निकाय श्री वीमा समीती को प.सं.वि.वि.शा. १८० (२०७३/७४) च.नं. २११७ मिती २०७३/०९/०७ को पत्र द्वारा स्वीकृती प्राप्त गरी सके पछि साधारण सभा बोलाइएको थियो । सभामा शेयरधनीहरु डा. माधव कुमार श्रेष्ठ, श्री नर्सिंह लाल चंखु, श्री अमृत नाथ रेग्मी, श्री चन्द्र नारायण श्रेष्ठ, श्री शिव प्रसाद शर्मा, श्री ईश्वरी दास कर्माचार्य, श्री राम गोपाल महर्जन, श्री बिष्णु प्रसाद घिमिरे सक्रिय रुपमा छलफलमा सहभागी हुनुभई आ-आफनो टिप्पणी, मनतव्य, जिज्ञासा, राय तथा सुझाव राख्नु भएकोमा नीतिगत विषयमा सभापतिज्यूले र व्यवस्थापकीय विषयमा प्रमुख कार्यकारी अधिकृतले धन्यबाद दिंदै उत्तर दिनु भयो ।

## सभाबाट भएका निर्णयहरु

**(क) सामान्य प्रस्ताव :**

१ संचालक समितिका तर्फबाट यस साधारण सभाका सभापति श्री बिमल प्रसाद वाग्लेज्यूले पेश गर्नु भएको आ.व.२०७२/०७३ को वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गरीयोस भनी राख्नु भएको प्रस्ताव साधारण सभाले सर्व सम्मतीले पारित गऱ्यो ।

२ संचालक समितिका तर्फबाट सभापतिज्यूले २०७३ आषाढ मसान्तको वासलात, २०७२/०४/०१ देखी २०७३/०३/३१ सम्मको नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचिहरु एवं लेखा परीक्षकको प्रतिवेदन पारित होस भनी राख्नु भएको प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

३ लेखापरीक्षण समितिको शिफारीस बमोजिम श्री वि.एस.लाला एण्ड कम्पनी, चार्टड एकाउण्टेण्ट्सलाई लेखापरीक्षण शुल्क वापत रु. ३,००,०००/-(तिन लाख) मु.अ.कर वाहेक पारीश्रमिक प्रदान गर्ने र अन्य वास्वविक खर्च शोधभर्ना गर्ने गरी कम्पनीको आ.व. २०७३/०७४ को लेखापरिक्षकमा नियूक्त गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

४ संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७२/०७३ सम्मको मुनाफाबाट रु. ५३,९२,८९३/- (१.३१५७८९४ प्रतिशत) नगद लाभांश स्विकृत गर्ने (प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको प्रयोजनका लागि) प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

५ कम्पनीको संचालक समितिको तथा उपसमितिहरुको बैठकमा भाग लिए बापत अध्यक्षलाई रु. ११,०००/- र संचालक सदस्यलाई रु. १०,०००/- प्रति बैठक भत्ता प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

६ बिबिध अन्तर्गत केहि प्रस्ताव नभएको ।

**(ख) विशेष प्रस्ताव :**

१ कम्पनीको अधिकृत पूँजीलाई रु. ५० करोडबाट बृद्धि गरी रु. १,५०,००,००,०००/–(एक अरब पचास करोड) पुऱ्याउने प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

२ सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम आ.व. २०७२/०७३ को संचीत मुनाफाबाट हाल कायम चुक्तापूँजीको २५.०० प्रतिशतका दरले रु. १०,२४,६५,०००/- बराबर बोनस शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

३ सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम हाल कायम चुक्तापूँजीको २५.०० प्रतिशतका दरल रु. १०,२४,६५,०००/- बराबर बोनस शेयर जारी भए पश्चात कम्पनीको जारी तथा चूक्ता पूँजी वृद्धि भई रु.५१,२३,२५,०००/- पुग्ने हुँदा सोही अनुसार प्रबन्धपत्र को दफा ५ (क) (ख) (ग) (घ) तथा नियमावली को नियम ५ (क) (ख) (ग) (घ) मा संशोधन गर्न संलग्न भए बमोजीमको तिन महले विवरण समेत सर्वसम्मतीले पारित गऱ्यो ।

४ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरु बाट निर्देशन प्राप्त भइ संशोधन वा थपघट गर्नु परेमा सो का लागी संचालक समितिलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतीले पारित गऱ्यो ।

५ बिबिध अन्तर्गत केहि प्रस्ताव नभएको ।

अन्तमा सभापतिज्यूले यस सम्मानित सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, बिभिन्न नियमनकारी निकायहरुबाट पाल्नु भएका पर्यवेक्षक प्रतिनिधीहरु तथा सम्पूर्ण कर्मचारीहरुलाई वहाँहरुको सक्रिय सहभागीता तथा योगदानका लागि धन्यबाद दिनु भयो र कम्पनीका लागि रचनात्मक सुझाबहरु दिनु हुने वक्ता शेयरधनी महानुभावहरु प्रति आभार व्यक्त गर्नु भयो र छलफलका अन्य विषय बाँकी नरहेकोले दिनको १२:४५ बजे सभा समाप्त भएको घोषणा गर्नु भयो ।

## कम्पनीको मिति २०७३ पौष २९ गते सम्पन्न एघारौं वार्षिक साधारण सभाबाट पारित आ. ब. २०७२/७३ को संक्षिप्त आर्थिक विवरण

### २०७३ आषाढ मसान्तको वासलात

रकम (रु.)

| क्र.सं. | विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| | **श्रोत** | | | |
| १ | चुक्ता पूँजी | १३ | ४०,९८,६०,००० | ३४,१५,५०,००० |
| २ | जगेडा तथा कोष | १४ | १४,३२,९३,६७९ | ११,५८,९७,५३५ |
| ३ | बीमा कोष | १२ | ४६,६२,७४,८२९ | ३५,१६,९५,६२३ |
| ४ | महा-विपत्ती जगेडा | १५ | ३,०५,९९,२८७ | १,९३,६६,०६१ |
| ५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | १६ | - | - |
| | **कूल श्रोत** | | १,०५,००,२७,७९५ | ८२,८५,०९,२१९ |
| | **उपयोग** | | | |
| ६ | स्थिर सम्पत्ती (खुद) | १७ | १,१२,७६,३७० | १,२१,३६,४८७ |
| ७ | दीर्घकालिन लगानी | १८ | २८,८८,१७,३२८ | ३२,३६,५०,४२० |
| ८ | दीर्घकालिन कर्जा | २० | २,१३,६३,४६६ | १,८०,२३,११७ |
| | **चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु :** | | | |
| ९ | नगद तथा बैंक मौज्दात | १९ | १९,४४,८९,७३९ | १६,७८,५४,७४५ |
| १० | अल्पकालिन लगानी | १८ | १,३३,२७,२७,१२७ | १,२०,६२,०३,२११ |
| ११ | अल्पकालिन कर्जा | २० | २९,६३,५१३ | ३८,९१,७६२ |
| १२ | अन्य सम्पत्ती | २१ | २२,३६,७१,७६१ | १६,३८,६१,६८२ |
| | **जम्मा (क)** (९+१०+११+१२) | | १,७५,३८,५२,१४० | १,५४,१८,११,४०० |
| | **चालु दायित्व तथा व्यवस्थाहरु :** | | | |
| १३ | चालु दायित्व | २२ | २६,२६,६०,१२८ | ४१,०८,६०,४६५ |
| १४ | असमाप्त जोखिम बापत व्यवस्था | २३ | ३१,५४,४७,३५९ | २४,५२,८६,२९५ |
| १५ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ६ | २६,२३,८१,२०२ | ३०,७६,८५,६४९ |
| १६ | अन्य व्यवस्था | २३क | १८,४७,९२,८२० | १०,३२,७९,७९६ |
| | **जम्मा (ख)** (१३+१४+१५+१६) | | १,०२,५२,८१,५०९ | १,०६,७१,१२,२०५ |
| १७ | **खुद चालु सम्पत्ती** (ग) = (क) – (ख) | | ७२,८५,७०,६३१ | ४७,४६,९९,१९५ |
| १८ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु | २४ | - | - |
| १९ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | | - | - |
| २० | **कूल उपयोग** (६+७+८+१७+१८+१९) | | १,०५,००,२७,७९५ | ८२,८५,०९,२१९ |

### आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाब

रकम (रु.)

| क्र.सं. | विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| | **आम्दानी** | | | |
| १ | आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान) | ७ | ३२,७५,५२,६०० | १४,६७,५८,३८८ |
| २ | लगानी कर्जा तथा अन्यबाट आय | २ | ४,२४,३६,१७३ | ७,०७,१७,६७४ |
| ३ | व्यवस्था फिर्ता | ८ | ९१,५६,७९४ | ४४,३५२ |
| ४ | अन्य आम्दानी (विवरण खुलाउने) | | | |
| | **जम्मा आम्दानी (क)** | | ३७,९१,४५,५६७ | २१,७५,२०,४१४ |
| | **खर्च** | | | |
| ५ | व्यवस्थापन खर्च | ५ | १,३०,८३,९९० | १,२०,१०,००८ |
| ६ | अपलेखन खर्च | ९ | ४,३३,८७५ | – |
| ७ | शेयर सम्बन्धी खर्च | ९क | ७,७५,८४९ | १०,००,६४३ |
| ८ | अन्य खर्चहरु | १० | – | – |
| ९ | नोक्सानीको लागि व्यवस्था | ११ | ४८,९३,४०८ | १६,५८,२६० |
| १० | कर्मचारी आवास व्यवस्था | | – | – |
| ११ | कर्मचारी बोनस व्यवस्था | | ३,२७,२३,४९५ | १,८४,४१,०४६ |
| १२ | समायोजित आयकर (अ) = (आ) – (इ) | | ९,७७,२१,१३९ | ३,१५,९६,३४८ |
| | आ) आयकर | | ९,८०,७६,५३९ | ३,१४,२७,९९५ |
| | इ) स्थगनकर सम्पत्ति / (दायित्व) | | ३,५५,४०० | (१,६८,३५३) |
| | **जम्मा खर्च (ख)** | | १४,९६,३१,७५६ | ६,४७,०६,३०५ |
| | **खूद नाफा–नोक्सान (ग) = (क) – (ख)** | | २२,९५,१३,८११ | १५,२८,१४,१०९ |
| १३ | (क) बीमा कोषमा सारेको | १२ | ११,४५,७९,२०६ | ७,६४,९१,२३१ |
| | (ख) बीमा जगेडामा सारेको | १४ | – | – |
| १४ | अघिल्लो वर्षसंग सम्बन्धित खर्च | | २६,०२,३४२ | १,१५,३०१ |
| १५ | अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | | ४,३७,५०,५४५ | ४,५३,४१,८७० |
| | **बाँडफाँडको लागि उपलब्ध रकम** | | १५,६०,८२,८०८ | १२,१५,४९,४४७ |
| १६ | (क) स्थगन कर जगेडा | १४ | (३,५५,४००) | १,६८,३५३ |
| | (ख) पूँजीगत जगेडा | १४ | – | – |
| | (ग) विशेष जगेडा | १४ | – | – |
| | (घ) अन्य जगेडा (विवरण खुलाउने) | १४ | – | – |
| | (ङ) प्रस्तावित लाभांश | | – | – |
| | (अ) बोनस शेयर | १४ | (१०,२४,६५,०००) | (६,८३,१०,०००) |
| | (आ) नगद लाभांश | २३क | (५३,९२,८९३) | (२०,३६,४९७) |
| | (छ) महा-विपत्ती जगेडा | १५ | (१,१२,३३,२२६) | (७६,२०,७५८) |
| १७ | **वासलातमा सारेको नाफा/(नोक्सान)** | | ३,६६,३६,२८९ | ४,३७,५०,५४५ |

### श्रावण १, २०७२ देखि आषाढ ३१, २०७३ सम्मको नगद प्रवाहको विवरण

रकम (रु.)

| क्र.सं. | विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| क | **कारोबार संचालनबाट नगद प्रवाह :** | | |
| | बीमा शुल्क आम्दानी | १,२०,७९,७३,८६२ | ९७,५३,१८,८०७ |
| | पुनर्बीमा शुल्क आम्दानी | १,०८,२०,६६९ | १,८४,८७,२२४ |
| | पुनर्बीमा कमिशन आम्दानी | १३,७८,६७,८६३ | १३,२३,५१,५९८ |
| | अन्य प्रत्यक्ष आम्दानी | ६३,६६,००८ | २,३०,८९,२०१ |
| | पूनर्बीमकबाट प्राप्त दावी रिकभरी | ३१,८७,८७,८५४ | १५,१५,२६,८०४ |
| | पुनर्बीमा शुल्क भुक्तानी | (७५,२४,१४,३४२) | (२२,९८,४२,४२३) |
| | पुनर्बीमा कमिशन भुक्तानी | (१८,५५,२२६) | (४४,३७,६५६) |
| | अभिकर्ता कमिशन भुक्तानी | (३,७२,६६,५४६) | (६,२४,९४,६४८) |
| | दावी भुक्तानी | (६१,४०,७६,९२६) | (३६,९३,६६,२४४) |
| | सेवा शुल्क भुक्तानी | (३९,५०,२८४) | (२८,९६,११६) |
| | व्यवस्थापन खर्च भुक्तानी | (१३,२२,९६,९६७) | (१०,३४,७९,५८९) |
| | कर्मचारी बोनस भुक्तानी | (१,८४,४१,०४६) | (२,४५,७६,७८१) |
| | आयकर भुक्तानी | (७,०३,६१,३७५) | (६,२१,७३,५९१) |
| | चालु सम्पत्तिमा (वृद्धि)/कमी | (१,४७,७४,०७६) | (३,१०,३०,५९७) |
| | चालु दायित्वमा वृद्धि/(कमी) | (३१,६४,०८३) | (४४,९९,९८३) |
| | **कारोबार संचालनबाट खूद नगद प्रवाह (क)** | ३,३२,१५,३८५ | ४०,५९,७६,००६ |
| ख | **लगानी गतिविधीबाट नगद प्रवाह** | | |
| | स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | (२५,३४,८०८) | (४५,१८,५०६) |
| | सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटीमा लगानीमा (वृद्धि)/कमी | ५,७२,६८,००० | ६,२५,७५,००० |
| | बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानीमा (वृद्धि)/कमी | (२९,२२,५०,०००) | (४,२९,९९,०००) |
| | बैंक तथा वित्तीय संस्थाको अन्य निक्षेप लगानीमा (वृद्धि)/कमी | १६,५७,२६,०८४ | (३४,१३,९२,८०७) |
| | इक्यूटी शेयर लगानीमा (वृद्धि)/कमी | (१,६६,७८,६७८) | (१,७८,०३,७२४) |
| | अग्राधिकार शेयर/डिवेन्चरमा लगानीमा (वृद्धि)/कमी | – | (४,४९,९६,०००) |
| | अन्य लगानीमा (वृद्धि)/कमी | – | (७,४१,७०,५७१) |
| | पेश्की तथा कर्जामा (वृद्धि)/कमी | (२४,१२,१००) | १०,८२,५५५ |
| | भुक्तानी प्राप्त ब्याज आम्दानी (लगानीमा) | ७,१८,९३,५४९ | ६,७६,९७,५५७ |
| | भुक्तानी प्राप्त डिभिडेन्ड | १८,१४,५२२ | ७,६२,०६,३६४ |
| | भाडा आम्दानी | – | – |
| | भुक्तानी प्राप्त ब्याज आम्दानी (कर्जामा) | ७,२३,४०४ | ६,१०,६८६ |
| | अन्य अप्रत्यक्ष आम्दानी | १,२४,७९,३७८ | १५,११,५६२ |
| | **लगानी गतिविधीबाट खूद नगद प्रवाह (ख)** | (३९,७०,६४९) | (३१,६१,९६,८८४) |
| ग | **वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | | |
| | शेयरबाट प्राप्त रकम | – | – |
| | तिर्न बाँकी सापटीमा (वृद्धि)/कमी | – | – |
| | अल्पकालिन ऋणमा (वृद्धि)/कमी | – | – |
| | ऋण सापटीमा ब्याज भुक्तानी | – | – |
| | लाभांश भुक्तानी | (२६,०९,७४२) | (१,६९,९१,०८८) |
| | **वित्तीय श्रोत कारोबारबाट खूद नगद प्रवाह (ग)** | (२६,०९,७४२) | (१,६९,९१,०८८) |
| | **यस वर्षको सम्पूर्ण गतिविधीबाट खूद नगद प्रवाह** = (क)+(ख)+(ग) | २,६६,३४,९९४ | ७,२७,८८,०३४ |
| | नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १६,७८,५४,७४५ | ९,५०,६६,७११ |
| | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | १९,४४,८९,७३९ | १६,७८,५४,७४५ |

पो.ब.नं.: २०६००, पानीपोखरी, लाजिम्पाट, काठमाडौं
फोनः ४४१८११३, ४००६६२५, फ्याक्सः ९७७-१-४४१६४२७
इमेलः info@nlgi.com.np; nlgi@mail.com.np
www.nlg.com.np

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड